# दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशन मिति : २०७७।०८।१५)

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम यस आर्थिक वर्ष २०७७/०७८ का लागि तपसिल बमोजिमको उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक (उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका) नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१.०७७/०७८ | उद्यम विकास सहजकर्ता | पाँचौ | १ | पाँचौ तहका लागि कुनै निवेदन प्राप्त नभएको खण्डमा दुबै चौथो तहको सहजकर्ता समेत राख्न सकिनेछ । |
| २ | ०२.०७७/०७८ | उद्यम विकास सहजकर्ता | चौथो | १ | |

**आवश्यक योग्यता र अनुभव :**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको ।

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको ।

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको ।

**दरखास्त दिने स्थान** : दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङ ।

**दरखास्त दस्तुर** : रु. ५००।-

**दरखास्त दिने अन्तिम मिति** : २०७७।०८।२९ गते कार्यालय समयभित्र ।

**संलग्न गर्नुपर्ने कागजातहरु :**

क) निवेदन (ख) बायोडाटा (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) सीप परीक्षणको प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि (ङ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (च) कामको अनुभव खुलेको कागजातहरु ।

**सेवा सुविधाहरु :**

योग्यता र अनुभवको आधारमा उद्यम विकास समितिले तोके अनुसार सम्झौतामा उल्लेख गरी तलब स्केल उपलब्ध गराइने छ ।

**छनोटको तरीका :**

प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तर्वार्ता लिइने छ ।

थप जानकारीका लागि सम्पर्क नं. : ९८४१५३९७५३

**प्रमुख प्रशासकीय अधिकृत**